# केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रचलित नेपाल ऐनमा समसामयिक सुधार गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त, नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५" रहेकोछ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० मा संशोधन:** नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को,-

(१) दफा २ को,-

(क) खण्ड (ङ) मा रहेका "ऐन, सवाल र" भन्ने शब्दहरुको सट्टा "ऐन, ऐन सरहका संहिता, सवाल र" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (झ) पछि देहायका खण्ड (झ१) र (झ२) थपिएका छन:-

"(झ१) "प्रदेश सरकार" भन्नाले नेपालको संविधानको धारा १६२ बमोजिम प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्ने प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ।

(झ२) "स्थानीय कार्यपालिका" भन्नाले नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार

संघीय संसद सचिवालय

प्रयोग गर्ने गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ।"

(ग) खण्ड (ठ) मा रहेका "वा नेपालको संविधान बमोजिम बनेको" भन्ने शब्दहरूको सट्टा "वा नेपालको संविधान बमोजिम संघ, प्रदेश वा स्थानीय तहले बनाएको" भन्ने शब्दहरू राखिएका छन।

(घ) खण्ड (ड) मा रहेका "आदेश वा उपनियम" भन्ने शब्दहरुको सट्टा "आदेश, विनियम वा ऐन अन्तर्गत बनेका निर्देशिका वा कार्यविधि" भन्ने शब्दहरु राखिएका छन्।

(ङ) खण्ड (ल) मा रहेको "लिखत" भन्ने शब्दको सट्टा "लिखित" भन्ने शब्द राखिएको छ।

(२) दफा ३ को खण्ड (च) मा रहेका "व्यवस्थापिका-संसदबाट" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसद् वा नेपालको संविधानको धारा ८३ बमोजिमको संघीय संसदबाट" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १४ पछि देहायको दफा १४क. थपिएको छः-

**"१४क.** <u>**नेपाल सरकारबाट कार्य सम्पादन भएको मानिनेः**</u> प्रचलित कानूनमा नेपाल सरकारबाट सम्पादन हुने भनिएका विषयमध्ये देहायका विषय नेपाल सरकार, मन्त्रिपरिषद्बाट र सो बाहेकका अन्य विषय नेपाल सरकारको कार्यसम्पादन नियमावली वा नेपाल सरकारबाट अधिकार प्रत्यायोजन भए बमोजिम सम्बन्धित मन्त्री वा मन्त्रीले अधिकार प्रत्यायोजन गरे बमोजिम नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृतबाट सम्पादन भएकोमा त्यस्तो कार्य नेपाल सरकारबाट सम्पादन भएको मानिनेछः-

संघीय संसद सचिवालय

(क) प्रचलित कानूनमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सम्पादन हुने भनि उल्लेख भएका विषय,

(ख) नेपाल सरकारको कार्यसम्पादन नियमावली बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्नु पर्ने विषय,

(ग) प्रचलित कानूनमा नेपाल सरकारमा पुनरावेदन लाग्ने भनी उल्लेख भएका विषय।"

३. __विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा संशोधनः__ विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७ को उपदफा (१२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा उपदफा (१०)" भन्ने शब्दहरु राखिएका छन्।

४. __स्थानीय प्रशासन ऐन, २०२८ मा संशोधनः__ स्थानीय प्रशासन ऐन, २०२८ को,-

(१) प्रस्तावनामा रहेका "विकेन्द्रित प्रशासन" भन्ने शब्दहरुको सट्टा "सङ्घीय" भन्ने शब्द राखिएको छ।

(२) दफा २ को,-

(क) खण्ड (क१) झिकिएको छ।

(ख) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ।"

(३) परिच्छेद-२ को ठाउँ ठाउँमा रहेका "विकास क्षेत्र, अञ्चल तथा" भन्ने शब्दहरु झिकिएका छन्।



संघीय संसद सचिवालय

(४) दफा ३ को उपदफा (१) मा रहेको “अनुसूचीमा” भन्ने शब्दको सट्टा “नेपालको संविधानको अनुसूची -४ मा” भन्ने शब्दहरु राखिएका छन्।

(५) परिच्छेद-३ को शीर्षकमा रहेका “क्षेत्रीय र” भन्ने शब्दहरु झिकिएका छन्।

(६) दफा ५ को उपदफा (१) मा रहेका "क्षेत्रीय प्रशासकको" भन्ने शब्दहरु झिकिएका छन्।

(७) दफा ६ को,-

(क) उपदफा (१क) मा रहेका “क्षेत्रीय प्रशासक तथा गृह मन्त्रालयलाई” भन्ने शब्दहरुको सट्टा “मन्त्रालयलाई” भन्ने शब्द र “क्षेत्रीय प्रशासकले” भन्ने शब्दहरुको सट्टा “मन्त्रालयले” भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (२क) झिकिएको छ।

(८) दफा ९ को उपदफा (४) मा रहेका “वन तथा भू-संरक्षण मन्त्रालयले” भन्ने शब्दहरुको सट्टा “नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयले” भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ११ को उपदफा (३क) मा रहेका “क्षेत्रीय प्रशासकले” भन्ने शब्दहरुको सट्टा “मन्त्रालयले प्रदेश मन्त्रालयको निजामती सेवाको कुनै पदाधिकारी,” भन्ने शब्दहरु राखिएका छन्।

(१०) ऐनको ठाउँ ठाउँमा रहेका “गृह मन्त्रालय” र क्षेत्रीय प्रशासक र गृह मन्त्रालय” भन्ने शब्दहरुको सट्टा “मन्त्रालय” भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

(११) दफा ४क., ४ख., ४ग., ४घ. र अनुसूची खारेज गरिएका छन्।

५. **<u>शिक्षा ऐन, २०२८ मा संशोधनः</u>** शिक्षा ऐन, २०२८ को,–

(१) दफा २ को खण्ड (ज) मा रहेको "नियममा" भन्ने शब्दको सट्टा "नियम वा विनियममा" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १९क. पछि देहायको दफा १९ख. थपिएको छः-

"१९ख. <u>विनियम बनाउने अधिकारः</u> (१) बोर्डले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही बोर्डका कर्मचारीको सेवाको शर्त तथा सुविधा र बोर्डको कार्य सञ्चालन सम्बन्धमा आवश्यक विनियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बोर्डले बनाएको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।"

६. <u>बोनस ऐन, २०३० मा संशोधनः</u> बोनस ऐन, २०३० को,–

(१) दफा २ को,–

(क) खण्ड (ख) मा रहेका "श्रम ऐन, २०४८ को दफा २ को खण्ड (ख) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "श्रम ऐन, २०७४ को दफा २ को खण्ड (ञ) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (च) मा रहेका "श्रम ऐन, २०४८ को दफा २ को खण्ड (च) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "श्रम ऐन, २०७४ को दफा २ को खण्ड (द) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (ज१) मा रहेका "श्रम ऐन, २०४८ को दफा ७२ बमोजिम" भन्ने शब्दहरुको सट्टा "श्रम ऐन, २०७४ को दफा १५१ बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ५ को उपदफा (२) को खण्ड (क) झिकिएको छ।

संघीय संसद सचिवालय

(३) दफा ६ को उपदफा (२) को खण्ड (क) मा रहेका "श्रम ऐन, २०४८ को दफा ११ बमोजिम" भन्ने शब्दहरुको सट्टा "श्रम ऐन, २०७४ को दफा १५ बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ७ को,-

(क) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले पाउने बोनस देहायको रकमभन्दा बढी हुने छैनः-

(क) नेपाल सरकाले तोकेको न्यूनतम पारिश्रमिकको दोब्बरसम्म मासिक तलब वा ज्याला पाउने कर्मचारीले आफ्नो आठ महिनाको तलब वा ज्याला बराबरको रकम,

(ख) खण्ड (क) भन्दा बढी तलब वा ज्याला पाउने कर्मचारीले आफ्नो छ महिनाको तलब वा ज्याला बराबरको रकम,"

(ख) उपदफा (४) मा रहेका "र खण्ड (ग) बमोजिम पाउने न्यूनतम बोनस रकम खण्ड (ख) बमोजिमको अधिकतम बोनस रकम भन्दा कम" भन्ने शब्दहरु झिकिएका छन्।

(५) दफा १३ को ठाउँठाउँमा रहेका "श्रम ऐन, २०४८ को दफा ३७ बमोजिम खडा गरेको कल्याणकारी कोषमा" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिम स्थापना भएको कल्याणकारी कोषमा" भन्ने शब्दहरु राखिएका छन्।

संघीय संसद सचिवालय

७. **<u>जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ मा संशोधनः</u>** जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को,–

(१) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. **<u>पंजिकाधिकारी तथा स्थानीय पंजिकाधिकारीः</u>** (१) यस ऐनको प्रयोजनको लागि नेपाल सरकारको राष्ट्रिय परिचयपत्र व्यवस्थापन तथा पञ्जिकरण विभागको प्रमुखले पंजिकाधिकारी (रजिष्ट्रार) को रूपमा काम गर्नेछ।

(२) उपदफा (१) बमोजिमको पंजिकाधिकारीले तोकेको मापदण्डको आधारमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले गाउँपालिका वा नगरपालिकामा कार्यरत कर्मचारीमध्येबाट तोकेको कर्मचारीले स्थानीय पंजिकाधिकारी (रजिष्ट्रार) को रूपमा काम गर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थानीय पंजिकाधिकारी तोक्दा गाउँपालिका वा नगरपालिकाका प्रत्येक वडामा रहने गरी तोक्नु पर्नेछ।"

(२) दफा ५ को,-

(क) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) दफा ४ को उपदफा (१) वा (२) मा तोकिएको अवधि नाघेपछि व्यक्तिगत घटना दर्ता गराउन आएमा स्थानीय पञ्जिकाधिकारीले पचास रुपैंया दस्तुर लिई दर्ता गर्नेछ।"

संघीय संसद सचिवालय

(ख) उपदफा (४) झिकिएको छ।

(३) दफा ६ पछि देहायको दफा ६क. थपिएको छः-

“६क. **दर्ता गर्न तथा प्रमाणपत्र दिन नहुनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम स्वतः बदर हुने विवाह लगायतका व्यक्तिगत घटनाको दर्ता गर्न तथा सोको प्रमाणपत्र दिनु हुँदैन।

(२) उपदफा (१) बमोजिम व्यक्तिगत घटना दर्ता गर्न ल्याएमा सो घटनाको बेग्लै अभिलेख राखी सो सम्बन्धमा प्रचलित कानून बमोजिमको कारबाही गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) यस दफामा लेखिएको कुनै कुराले स्वतः बदर हुने विवाहको परिणामबाट जन्मिएका शिशुको जन्म दर्ता गर्नु पर्ने विषयलाई प्रतिकूल असर पार्ने छैन।”

(४) दफा ११ पछि देहायको दफा ११क. थपिएको छः-

“११क. **एकीकृत विद्युतीय प्रणालीको निर्माणः** (१) नेपाल सरकारले व्यक्तिगत घटना दर्ताको लागि एकीकृत विद्युतीय प्रणालीको निर्माण गरी संचालनमा ल्याउने छ।

(२) उपदफा (१) बमोजिम संचालनमा ल्याइएको विद्युतीय प्रणालीमा गाउँपालिका वा नगरपालिकालाई पहुँच दिइनेछ र गाउँपालिका वा नगरपालिकाले व्यक्तिगत घटना दर्तामा त्यस्तो प्रणालीको अवलम्वन गर्नु पर्नेछ।”

(५) दफा १३ को उपदफा (१) मा रहेका “पचास रूपैयाँसम्म” भन्ने शब्दहरुको सट्टा “दुईसय रूपैयाँसम्म” भन्ने शब्दहरु राखिएका छन्।

संघीय संसद सचिवालय

८. **<u>नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ मा संशोधनः</u>** नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को,-

(१) दफा ९ को उपदफा (३) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्:-

"(क) उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री वा नेपाल सरकारले तोकेको नेपाल सरकारको विशिष्ट श्रेणीको कर्मचारी -अध्यक्ष

(ख) सचिव, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय -सदस्य"

(२) दफा १९ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) विद्युत महसुल बाहेक ग्राहकबाट मिटर जडान, मिटर ठाउँसारी, नामसारी, क्षमता वृद्धि लगायतका सेवा शुल्क निर्धारण गर्ने,"

(३) दफा ३६ मा रहेका "जलस्रोत मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "उर्जा, जलस्रोत तथा सिंचाई मन्त्राल" भन्ने शब्दहरू राखिएका छन्।

९. **<u>नेपाल विशेष सेवा ऐन, २०४२ मा संशोधनः</u>** नेपाल विशेष सेवा ऐन, २०४२ को,-

(१) दफा ४ को उपदफा (१) मा रहेका "गृह मन्त्रालय अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत" भन्ने शब्दहरु राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेका "क्षेत्रीय, अञ्चल र जिल्लास्तरिय" भन्ने शब्दहरु झिकिएका छन्।

१०. **<u>नगर विकास ऐन, २०४५ मा संशोधनः</u>** नगर विकास ऐन, २०४५ को,–

(१) दफा २ को खण्ड २.१.२ग. पछि देहायको खण्ड २.१.२घ. थपिएको छः-

"२.१.२घ "मन्त्रालय" भन्नाले नेपाल सरकारको सहरी विकास मन्त्रालय सम्झनु पर्छ।

(२) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-

"४. **<u>नगर विकास समितिको गठनः</u>**

४.१ नेपाल सरकारले नगर योजना कार्यान्वयन गर्न आवश्यकता अनुसार प्रत्येक स्थानीय तहमा नगर विकास समिति गठन गर्न सक्नेछ।

४.२ समितिमा देहायका सदस्यहरु रहनेछन्ः-

४.२.१ सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष -अध्यक्ष

४.२.२ सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको प्रमुखले तोकेको सो समितिको सदस्य -सदस्य

४.२.३ प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत -सदस्य

४.२.४ वन, भूमि तथा नापी सम्बन्धी स्थानीय तह वा जिल्लास्थित कार्यालयका प्रतिनिधिहरु -सदस्य

संघीय संसद् सचिवालय

४.२.५ नगर कार्यपालिका वा गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट सम्बन्धित नगर कार्यपालिका वा गाउँ कार्यपालिकाले तोकेको तीन जना सदस्य -सदस्य

४.२.६ स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका सोही क्षेत्रका समाजसेवीहरु मध्येबाट सम्बन्धित स्थानीय तहको कार्यपालिकाले मनोनीत गरेका एकजना महिला सहित दुई जना -सदस्य

४.२.७ सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य-सचिव

४.३ समितिले आवश्यक देखेमा सम्बन्धित स्थानीय तहको विकासमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति वा कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।"

(३) दफा २४ को उपदफा २४.३ मा रहेका "पालना गरेको छैन भन्ने ठहराएमा" भन्ने शब्दहरुको सट्टा "पालना गरेको छैन भन्ने लागेमा वा

संघीय संसद सचिवालय

समिति कायम राखी राख्न आवश्यक नदेखिएमा" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २४क. पछि देहायको दफा २४ख. थपिएको छः-

**"२४ख. <u>मुद्दा सर्ने</u>:** (१) दफा २४ बमोजिम समिति विघटन भएमा समितिमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु सम्बन्धित जिल्ला अदालतमा र दफा २० अन्तर्गत गठित पुनरावेदन समितिमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु सम्बन्धित उच्च अदालतमा सर्नेछन्।

(२) समितिले दिएको सजाय उपर ऐन बमोजिमको पुनरावेदन समितिमा पुनरावेदन लाग्ने रहेछ भने त्यस्तो पुनरावेदन सोही ऐनले तोकेको म्यादभित्र सम्बन्धित उच्च अदालतमा गर्न सकिनेछ।

(३) समितिको हक, दायित्व नेपाल सरकारमा सर्नेछ र कागजात तथा अभिलेख नेपाल सरकारले तोकेको निकाय वा कार्यालयमा सर्नेछ।"

(५) दफा २५ मा रहेका "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(६) दफा ११, १२, १२ख., १३, १३क., १४, १५, २०, २३, २४, २५ र २६ को उपदफा २६.१ बाहेक अन्यत्र ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

**११.** **<u>काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ मा संशोधन</u>:** काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को,-

संघीय संसद सचिवालय

(१) दफा १३ को उपदफा १३.१ को सट्टा देहायको उपदफा १३.१ राखिएको छः-

"१३.१ काठमाडौं उपत्यकाको विकासको लागि देहायका सदस्यहरु भएको एक काठमाडौं उपत्यका भौतिक विकास समिति गठन हुनेछः-

१३.१.१ सहरी विकास मन्त्री -अध्यक्ष

१३.१.२ सम्बन्धित प्रदेशको शहरी विकास हेर्ने मन्त्री -सदस्य

१३.१.३ सचिव, अर्थ मन्त्रालय -सदस्य

१३.१.४ सचिव, खानेपानी मन्त्रालय -सदस्य

१३.१.५ सचिव, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय -सदस्य

१३.१.६ सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय -सदस्य

१३.१.७ सचिव, राष्ट्रिय योजना आयोग -सदस्य

१३.१.८ सचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

१३.१.९ सचिव, सहरी विकास मन्त्रालय -सदस्य

१३.१.१० सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -सदस्य

१३.१.११ सचिव, सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

संघीय संसद सचिवालय

१३.१.१२ सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

१३.१.१३ प्रमुख, काठमाडौं महानगरपालिका -सदस्य

१३.१.१४ प्रमुख, ललितपुर महानगरपालिका -सदस्य

१३.१.१५ प्रमुख, भक्तपुर नगरपालिका -सदस्य

१३.१.१६ काठमाडौं उपत्यकाका अन्य नगरपालिकाहरू मध्येबाट मन्त्रालयले तोकेका तीनवटा नगरपालिकाका प्रमुखहरु -सदस्य

१३.१.१७ विकास आयुक्त -सदस्य सचिव"

(२) दफा १४ को उपदफा १४.३ को खण्ड १४.३.६ को सट्टा देहायको खण्ड १४.३.६ राखिएकोछ:-

"१४.३.६ सहरी विकास व्यवस्थापन सम्बन्धी विज्ञहरुमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी सहरी विकास मन्त्रालयले तोकेका तीन जना -सदस्य"

(३) दफा २७ पछि देहायको दफा २७क. थपिएको छ:-

**"२७क. <u>मुद्दा सर्ने</u>:** (१) दफा २७ बमोजिम प्राधिकरण विघटन भएमा दफा ९ र २१ बमोजिम प्राधिकरणमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु सम्बन्धित जिल्ला अदालतमा र दफा २३ बमोजिमको पुनरावेदन समितिमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु उच्च अदालत पाटनमा सर्नेछन्।

(२) प्राधिकरणको हक, दायित्व नेपाल सरकारमा सर्नेछ र कागजात तथा अभिलेख नेपाल सरकारले तोकेको निकाय वा कार्यालयमा सर्नेछ।

(४) दफा २८ मा रहेका "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सहरी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

१२. **<u>सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा संशोधनः</u>** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४८ को उपदफा (२) मा रहेका "र निजले चलाउन चाहेको सवारीको सम्बन्धमा प्रशिक्षण केन्द्रले दिएको प्रमाणपत्रको प्रतिलिपी" भन्ने शब्दहरू झिकिएका छन्।

१३. **<u>विद्युत ऐन, २०४९ मा संशोधनः</u>** विद्युत ऐन, २०४९ को,-

(१) दफा ३ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(२) दफा ५ को उपदफा (३) मा रहेका "हुनुभन्दा एक वर्ष अगावै" भन्ने शब्दहरूको सट्टा "हुनु भन्दा अगावै" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा २१ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम खरिद गरिने विद्युतको खरिद दर विद्युत नियमन आयोगले निर्धारण गरे बमोजिम हुनेछ।"

(४) दफा २७ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर तत्काल मर्मत गर्नु पर्ने वा अन्य कुनै अवस्था परी विद्युत आपूर्ति रोक्न परेमा त्यस्तो कार्य गर्नु अगावै सोको जानकारी गराएर मर्मत सम्भार गर्न बाधा पर्ने छैन।"

(५) दफा ३८ को उपदफा (२) मा रहेका "पाँच हजार" भन्ने शब्दहरूको सट्टा "पाँच लाख" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा ४० को उपदफा (२) को खण्ड (च) झिकिएको छ।

संघीय संसद सचिवालय

१४. **<u>वन ऐन, २०४९ मा संशोधन</u>:** वन ऐन, २०४९ को,–

(१) दफा २ को,–

(क) खण्ड (ठ) मा रहेका "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थपिएको छः-

"(ठ१) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको वन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(ग) खण्ड (ड) मा रहेका "वन विभाग" भन्ने शब्दहरुको सट्टा "वन तथा भू-संरक्षण विभाग" भन्ने शब्दहरु राखिएका छन्।

(घ) खण्ड (ड१) को सट्टा देहायको खण्ड (ड१) राखिएको छः-

"(ड१) "प्रदेश वन निर्देशक" भन्नाले प्रदेशको वन निर्देशनालयको प्रमुख सम्झनु पर्छ।"

(ङ) खण्ड (ड१) पछि देहायको खण्ड (ड२) थपिएको छः-

"(ड२) "निर्देशनालय" भन्नाले प्रदेशको वन सम्बन्धी विषय हेर्ने प्रदेश वन निर्देशनालय सम्झनु पर्छ।"

(च) खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राखिएको छः-

"(ढ) "डिभिजनल वन अधिकृत" भन्नाले डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्छ।"

(छ) खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छः-

संघीय संसद सचिवालय

"(ण) "वन अधिकृत" भन्नाले मन्त्रालय, प्रदेश मन्त्रालय, विभाग, निर्देशनालय, र अन्तर्गतका कार्यालयहरुमा खटिएका सबै तहका राजपत्रांकित प्राविधिक कर्मचारीहरु सम्झनु पर्छ।"

(२) दफा ३ मा रहेका "सम्बन्धित जिल्लाको" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित डिभिजन वन कार्यालयको अधिकारक्षेत्र भित्र पर्ने" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ९ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) जिल्लास्थित नापी कार्यालयका प्रमुख -सदस्य"

(४) दफा २० को,–

(क) उपदफा (३) मा रहेका "आ-आफ्नो जिल्लामा" भन्ने शब्दहरूको सट्टा "आफ्नो डिभिजन वन कार्यालयको अधिकार क्षेत्रमा" भन्ने शब्दहरु राखिएका छन्।

(ख) ठाउँ ठाउँमा रहेका "विभाग" भन्ने शब्दको सट्टा "प्रदेश मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २४ को ठाउँ ठाउँमा रहेको "विभाग" भन्ने शब्दको सट्टा "प्रदेश मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा २४क. मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा २४ख. को ठाउँ ठाउँमा रहेको "विभाग" भन्ने शब्दको सट्टा "प्रदेश मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(८) दफा ३१ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

प्रदेश संसद सचिवालय

“(च) गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरण गर्न वनको संरक्षण र विकास हुने गरी डिभिजन वन कार्यालय मार्फत तोकिए बमोजिम आय आर्जनका कार्यक्रम सञ्चालन गर्न।”

(९) दफा ३२ को,–

(क) उपदफा (२) मा रहेका “विभाग मार्फत” भन्ने शब्दहरूको सट्टा “निर्देशनालय मार्फत” भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा रहेका “विभाग मार्फत क्षेत्रीय वन निर्देशकलाई दिनेछ” भन्ने शब्दहरुको सट्टा “विभाग मार्फत प्रदेश मन्त्रालयलाई दिनेछ र प्रदेश मन्त्रालयले सोको जानकारी निर्देशनालयलाई दिनेछ।” भन्ने शब्दहरु राखिएका छन्।

(१०) दफा ४८क. को उपदफा (२) मा रहेका “जिल्लाभित्रको” भन्ने शब्दहरूको सट्टा “डिभिजन वन कार्यालयको अधिकारक्षेत्रको” भन्ने शब्दहरू राखिएका छन्।

(११) दफा ६० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

“(१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कर्मचारीले गर्नेछ र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।”

(१२) दफा ६५ को,–

(क) उपदफा (१) मा रहेका “जिल्ला वन अधिकृतले” भन्ने शब्दहरुको सट्टा “नेपाल सरकारले नेपाल राजपत्रमा सूचना



संघीय संसद सचिवालय

प्रकाशन गरी तोकेको नेपाल वन सेवाको अधिकृतले” भन्ने शब्दहरु राखिएका छन्।

(ख) ठाउँ ठाउँमा रहेका “जिल्ला वन अधिकृतले” भन्ने शब्दहरुको सट्टा “मुद्दा हेर्ने अधिकारीले” भन्ने शब्दहरु राखिएका छन्।

(१३) दफा ६६ पछि देहायको दफा ६६क. थपिएको छः-

“६६क. **<u>वन विकास कोषः</u>** (१) नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न, वनको संरक्षण र सम्वर्द्धन गर्न एवं अन्य प्रर्बर्द्धनात्मक कार्यको लागि एक वन विकास कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट सहयोग वा ऋण स्वरुप प्राप्त रकम,

(घ) वन क्षेत्रको वन पैदावर बिक्रीबाट प्राप्त रकम र वन क्षेत्र अन्य प्रयोजनको लागि दिए वापत प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

संघीय संसद सचिवालय

(३) उपदफा (१) को खण्ड (ग) बमोजिम कुनै रकम प्राप्त गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) वन विकास कोषको रकम कुनै "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(६) कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(१४) दफा ६८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकता प्राप्त योजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा राष्ट्रिय प्राथमिकता प्राप्त विद्युत प्रशारण लाईन विस्तार सम्बन्धी योजना सञ्चालन गर्न वनको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्तो योजना सञ्चालन गर्नको निमित्त नेपाल सरकारले सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, साझेदारी वन, सामुदायिक वन, कबुलियती वन वा धार्मिक वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ। यसरी वन क्षेत्र प्रयोग गर्न दिए वापत मापदण्ड बनाई नेपाल सरकारले रकम वा सट्टा जग्गा लिन सक्नेछ र त्यस्तो जग्गा प्रयोग गर्न दिए वापत प्राप्त रकम दफा ६६क. बमोजिमको कोषमा जम्मा गरिनेछ।"

(१५) दफा ७२क. को सट्टा देहायको दफा ७२क. राखिएको छः-



संघीय संसद सचिवालय

"७२क. **<u>कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने:</u>** यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न मन्त्रालयले कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।"

(१६) ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएको छः-

(क) "इलाका वन कार्यालय" को सट्टा "सब डिभिजन वन कार्यालय",

(ख) "जिल्ला वन कार्यालय" को सट्टा "डिभिजन वन कार्यालय",

(ग) "जिल्ला वन अधिकृत" को सट्टा "डिभिजनल वन अधिकृत",

(घ) "क्षेत्रीय वन निर्देशक" को सट्टा "प्रदेश वन निर्देशक" र

(ङ) "क्षेत्रीय वन निर्देशनालय" को सट्टा "निर्देशनालय"।

१५. **<u>राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधन:</u>** राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. **<u>प्रदेश तथा स्थानीय कानून बमोजिम हुने:</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा देहाय बमोजिम हुनेछः-

(क) एकसय वाट सम्मका एफ. एम. रेडियो संचालनको इजाजत, नविकरण र नियमन सम्बन्धी कार्य आफ्नो स्थानीय तहको

संघीय संसद सचिवालय

क्षेत्र भित्र सम्बन्धित स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ।

(ख) एकसय वाट भन्दा माथि एकहजार वाट सम्मको एफ. एम. रेडियो प्रशारण र केवुलमा आधारित टेलिभिजन प्रशारणको इजाजत, नविकरण र नियमन सम्बन्धी कार्य आफ्नो प्रदेशभित्र सम्बन्धित प्रदेशले बनाएको कानून बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम हुने एफ.एम. रेडियोको फ्रिक्वेन्सीको बाँडफाँटका लागी सम्बन्धित प्रदेश वा स्थानीय तहले मन्त्रालय समक्ष माग गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम इजाजत, नवीकरण र नियमन सम्बन्धमा स्थानीय तह वा प्रदेशले कानून नबनाए सम्मको लागी त्यस्तो विषयको इजाजत, नवीकरण तथा नियमन यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम हुनेछ।”

१६. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ मा संशोधनः स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ को,-

(१) दफा ५ को,-

(क) उपदफा (२) मा रहेका “पाँच विकास क्षेत्रको” भन्ने शब्दहरु झिकिएका छन्।

(ख) उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन्:-



नेपाल सरकार मन्त्रालय

"(३) उपदफा (२) बमोजिमका प्रशिक्षण केन्द्र र त्यसको लागि आवश्यक पर्ने जग्गा नेपाल सरकारले सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम हस्तान्तरण भएका प्रशिक्षण केन्द्र सञ्चालनको लागि प्रदेश सरकारले आवश्यक व्यवस्था गर्नेछ।"

(२) दफा १२ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ:-

"(३क) प्रतिष्ठानको कार्य सञ्चालनको लागि नेपाल सरकारले निजामती कर्मचारीलाई बढिमा एक वर्षको लागि कामकाजमा खटाउन सक्नेछ।"

(३) दफा २० पछि देहायको दफा २०क. र २०ख. थपिएका छन्:-

"**२०क. <u>प्रदेश सरकारले नियम बनाउन सक्ने</u>:** (१) प्रदेश सरकारमा हस्तान्तरण भएका प्रशिक्षण केन्द्र सञ्चालन सम्बन्धमा यस ऐनको अधीनमा रही प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले बनाएका नियमहरू प्रदेश राजपत्रमा प्रकाशन भए पछि मात्र लागू हुनेछन्।

**२०ख. <u>अन्तरिम व्यवस्थापन</u>:** दफा ५ को उपदफा (३) बमोजिम प्रदेश सरकारमा हस्तान्तरण भएका प्रशिक्षण केन्द्रमा कार्यरत कर्मचारीलाई सम्बन्धित प्रदेशमा कामकाज गर्न खटाउन सकिनेछ।"

(४) दफा १० र दफा ११ खारेज गरिएका छन्।



संघीय संसद सचिवालय

१७. **नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० मा संशोधनः** नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा ४ को,–

(१) उपदफा (१) को खण्ड (ङ) मा रहेका "नेपालको पाँच विकास क्षेत्रमा" भन्ने शब्दहरुको सट्टा "नेपालको प्रत्येक प्रदेशमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (५) मा रहेका "सम्बन्धित विकास क्षेत्रका पाँच जना" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित प्रदेशका एक एक जना गरी सातजना" भन्ने शब्दहरु राखिएका छन्।

१८. **राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधनः** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को,-

(१) दफा ९ को उपदफा (५) को खण्ड (क) मा रहेका "अर्थ मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १३क. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम अनुसन्धान अधिकृतको प्रतिवेदन प्राप्त भएपछि विभागले पच्चीस लाख रुपैयाँसम्मको राजस्व चुहावटको कसुरमा त्यस्तो आयकर, मूल्यअभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महशुल वा अन्य कर वा गैरकर निर्धारण गरी असुल गर्न वा त्यस्तो राजस्व निर्धारणमा भएको गल्ती वा त्रुटी सच्याउन सम्बन्धित संस्था वा निकायमा लेखी पठाउन सक्नेछ।"

१९. **नगर विकास कोष ऐन, २०५३ मा संशोधनः** नगर विकास कोष ऐन, २०५३ को,–

(१) दफा १४ को उपदफा (२) को,–

संघीय संसद सचिवालय

(क) खण्ड (क), (ग) र (घ) को सट्टा देहायका खण्ड (क), (ग) र (घ) राखिएका छन्:-

"(क) सचिव, सहरी विकास मन्त्रालय -अध्यक्ष

(ग) प्रतिनिधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) -सदस्य

(घ) नगरपालिकाका प्रमुख वा उपप्रमुखहरूमध्येबाट प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनयन गरेका कम्तीमा तीन जना महिला सहित सातजना -सदस्य"

(ख) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) समावेशिताको आधारमा नगर विकास सम्बन्धी विज्ञता भएका व्यक्तिहरु मध्येबाट मन्त्रालयले तोकेको कम्तीमा एक जनामहिला सहित तीन जना -सदस्य"

(२) दफा ३३ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएकोछः-

"(घ) कोष कायम राख्न आवश्यक छैन भन्ने नेपाल सरकारले ठहऱ्याएमा।"

(३) दफा ३५ मा रहेका "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सहरी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

२०. **भवन ऐन, २०५५ मा संशोधनः** भवन ऐन, २०५५ को,–

(१) दफा ३ को उपदफा (२) को,—

(क) खण्ड (क) मा रहेका “भौतिक योजना तथा निर्माण मन्त्रालय” भन्ने शब्दहरुको सट्टा “सहरी विकास मन्त्रालय” भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (च) मा रहेका “स्थानीय विकास मन्त्रालय” भन्ने शब्दहरुको सट्टा “संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय” भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (ज) मा रहेका “नेपाल सरकार” भन्ने शब्दहरुको सट्टा “सहरी विकास मन्त्रालय” भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ९ को ठाउँ ठाउँमा रहेका “भौतिक योजना तथा निर्माण मन्त्रालय” भन्ने शब्दहरुको सट्टा “सहरी विकास मन्त्रालय” भन्ने शब्दहरु राखिएका छन्।

२१. **<u>बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ मा संशोधनः</u>** बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को दफा २ को,-

(१) खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्:-

“(ख) “प्रतिष्ठान” भन्नाले श्रम ऐन, २०७४ को दफा २ को खण्ड (ञ) बमोजिमको प्रतिष्ठान सम्झनु पर्छ।

(ग) “व्यवस्थापक” भन्नाले श्रम ऐन, २०७४ को दफा २ को खण्ड (द) बमोजिमको व्यवस्थापक सम्झनु पर्छ।”

(२) खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः-

“(झ) “श्रम कार्यालय” भन्नाले श्रम ऐन, २०७४ को दफा २ को खण्ड (घ) बमोजिमको कार्यालय सम्झनु पर्छ।”

२२. **<u>आयकर ऐन, २०५८ मा संशोधनः</u>** आयकर ऐन, २०५८ को,–

(१) दफा ११ख. खारेज गरिएको छ।

संघीय संसद सचिवालय

(२) अनुसूची-१ को दफा २ को,–

(क) उपदफा (३) को खण्ड (ख) को प्रकरण (३) को सट्टा देहायको प्रकरण (३) राखिएको छः-

"(३) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्था वा संघले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा।

तर देहाय बमोजिमका बचत तथा ऋण सहकारी संस्था वा संघलाई देहाय बमोजिम छुट हुनेछः-

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा लाग्ने करको दरमा पचहत्तर प्रतिशत,

(२) उपमहानगरपालिका र महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा लाग्ने करको दरमा पचास प्रतिशत।"

(ख) उपदफा (३क) पछि देहायको उपदफा (३ख) थपिएको छः-

"(३ख) सार्वजनिक गुठी अन्तर्गत दर्ता भई सञ्चालित विद्यालय, महाविद्यालयको कर योग्य आयमा बीस प्रतिशतको दरले कर लाग्नेछ।

२३. **अन्तः शुल्क ऐन, २०५८ मा संशोधनः** अन्तःशुल्क ऐन, २०५८ को दफा १० मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राखिएका छन्।

२४. **केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ मा संशोधनः** केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ को,–

संघीय संसद सचिवालय

(१) दफा २ को खण्ड (क) को,-

(क) उपखण्ड (५) पछि देहायका उपखण्ड (५क) र (५ख) थपिएका छन्-

“(५क) प्रदेश सरकारले बनाएको नियम, जारी गरेको आदेश वा अधिकार पत्र वा प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय,

(५ख) स्थानीय तहले बनाएको ऐन, नियम तथा जारी गरेको आदेश”

(ख) उपखण्ड (६) को सट्टा देहायको उपखण्ड (६) राखिएको छः-

“(६) संविधान सभा, व्यवस्थापिका-संसद वा संघीय संसदद्वारा पारित प्रस्ताव”

(ग) उपखण्ड (६) पछि देहायको उपखण्ड (६क) थपिएको छः-

“(६क) प्रदेश सभा, नगर सभा वा गाउँ सभाबाट पारित प्रस्ताव”

(घ) उपखण्ड (११) पछि देहायको उपखण्ड (११क) थपिएको छः-

“(११क) प्रचलित कानून बमोजिम प्रदेश सरकारले दिने नियुक्ति, सरूवा वा अवकाशपत्र”

(२) दफा ३ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

संघीय संसद सचिवालय

"(२) उपदफा (१) बमोजिम पेश गरिने विधेयकका प्रतिहरुमा विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले संघीय संसदबाट विधेयक पारित भएको मिति उल्लेख गरी हस्ताक्षर गरेको हुनु पर्नेछ।"

(ख) ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरूको सट्टा "संघीय-संसद" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-

"४. **<u>संघीय-संसदद्वारा पारित प्रस्तावको प्रमाणीकरणः</u>** (१) नेपालको संविधान तथा अन्य प्रचलित कानून बमोजिम संघीय-संसदद्वारा पारित प्रस्तावको प्रमाणीकरण त्यस्तो प्रस्ताव उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षको हस्ताक्षरबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणिक प्रतिको आधारमा संघीय-संसदका महासचिव वा सचिव वा महासचिवले तोकेको राजपत्रांकित अधिकृतले सो प्रस्ताव कार्यान्वयन गर्ने वा गराउनेछ।"

(४) दफा ११ को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछः-

"तर प्रदेश र स्थानीय तहका सार्वजनिक लिखतको हकमा सम्बन्धित प्रदेश वा स्थानीय तहको कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

(५) दफा १४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

संघीय संसद सचिवालय

"(१) कसैले सार्वजनिक लिखत किर्ते गरेमा, नभएको कुरा प्रमाणीकरण वा प्रमाणित गरेमा वा केरमेट गरेमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २७६ को उपदफा (३) बमोजिम सजाय हुनेछ।

(ख) उपदफा (२) झिकिएको छ।

२५. **सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ मा संशोधनः** सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को,–

(१) दफा २ को खण्ड (ह) को सट्टा देहायको खण्ड (ह) राखिएको छः-

"(ह) "स्वदेशी उच्चपदस्थ व्यक्ति" भन्नाले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकारका मन्त्री, प्रदेश सरकारका मुख्य मन्त्री, संघीय संसदका सदस्य, संवैधानिक निकायको पदाधिकारी, प्रदेश सभाका सभामुख, प्रदेश सरकारका मन्त्री, नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरह वा सोभन्दा माथिका पदाधिकारी, उच्च अदालतको न्यायाधीश वा सोभन्दा माथिल्लो तहको न्यायाधीश, प्रदेश सभाका उपसभामुख, प्रदेश सभाका सदस्य, राष्ट्रियस्तरको राजनीतिक दलको केन्द्रीय पदाधिकारी, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति सम्झनु पर्छ।"

(२) दफा ८ को उपदफा (१) को,–

(क) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-



संघीय संसद सचिवालय

"(क१) सचिव, अर्थ मन्त्रालय" -सदस्य"

(ग) खण्ड (घ१) झिकिएको छ।

(३) ठाउँठाउँमा रहेका "अर्थ मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

२६. **<u>वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनः</u>** वैदेशिक रोजगार ऐन २०६४ को,-

(१) दफा २ को खण्ड (घ) पछी देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(२) दफा ११ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम पेश भएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत पत्र दिन उपयुक्त देखेमा विभागले तोकिए बमोजिमको इजाजतपत्र दस्तुर र वार्षिक तीन हजारसम्म कामदार पठाउने लक्ष्य राखी इजाजत माग गर्ने संस्थासँग धरौटी बापत पचास लाख रुपैयाँ नगदै र एक करोड पचास लाख रुपैयाँको बैक ग्यारेण्टी, वार्षिक तीनहजार भन्दा बढी पाँचहजारसम्म कामदार पठाउने लक्ष्य राखी इजाजत माग गर्ने संस्थासँग धरौटी बापत एक करोड रुपैयाँ नगदै र तीन करोड रुपैयाँको बैक ग्यारेन्टी तथा वार्षिक पाँच हजार भन्दा बढी कामदार पठाउने लक्ष्य राखी इजाजत माग गर्ने संस्थासँग धरौटी बापत दुई करोड रूपैयाँ

संघीय संसद सचिवालय

नगर्दै र चार करोड रूपैयाँको बैङ्क ग्यारेण्टी लिई इजाजत दिनु पर्नेछ।"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) प्रारम्भ हुनु अघि इजाजत प्राप्त गरेको संस्थाले सो उपदफा प्रारम्भ भएको मितिले छ महिना भित्र सो उपदफा बमोजिमको धरौटी बापतको रकम र बैङ्क ग्यारेण्टी दाखिला गर्नु पर्नेछ।"

(ग) उपदफा (७) को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(३) दफा ११ पछि देहायका दफा ११क. र ११ख. थपिएका छन्:-

"११क. <u>**इजाजतपत्र प्राप्त संस्था एक आपसमा गाभिन सक्नेः**</u> (१) दुई वा दुई भन्दा बढी इजाजतपत्र प्राप्त संस्थाहरु एक आपसमा गाभिन चाहेमा आपसमा सम्झौता गरी गाभिन सक्नेछन्।

(२) इजाजतपत्र प्राप्त संस्था गाभिंदाको प्रक्रिया तथा पूरा गर्नु पर्ने शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

११ख. <u>**एकाघर सगोलका परिवारको शेयर रहेको एक भन्दा बढी संस्थालाई इजाजत नदिईनेः**</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ भएपछि एका घर सगोलका परिवारका सदस्यको शेयर रहेको एक भन्दा बढी संस्थालाई इजाजतपत्र दिईने छैन।

संघीय संसद सचिवालय

(२) यो दफा प्रारम्भ हुँदाका बखत एकाघर सगोलका परिवारका सदस्यको शेयर रहेको एक भन्दा बढी संस्था भएमा यो दफा प्रारम्भ भएको मितिले छ महिनाभित्र एक आपसमा दफा ११क. बमोजिम गाभिनु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिमको अवधि पछि एकाघर सगोलका परिवारका सदस्यको शेयर रहेका एक भन्दा बढी संस्थाको इजाजतपत्र नवीकरण गरिने छैन।"

(४) दफा १३ को,–

(क) उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) झुट्टा कागजात वा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा वा बैदेशिक रोजगारमा पठाएमा"

(ख) उपदफा (२) को खण्ड (घ) पछि देहायका खण्ड (घ१) र (घ२) थपिएका छन्ः-

"(घ१) दफा १४ विपरित स्वामित्व वा दायित्व हस्तान्तरण वा परिवर्तन गरेमा,

(घ२) लगातार दुई वर्षसम्म वार्षिक एकसय जना पनि कामदार पठाउन नसकेमा,"

(ग) उपदफा (४) को ठाउँठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(५) दफा १५ को,-

(क) उपदफा (१) मा रहेका "विभाग समक्ष" भन्ने शब्दहरु पछि

संघीय संसद सचिवालय

"अनलाइन मार्फत" भन्ने शब्दहरु थपी  सोही उपदफाको खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) गन्तव्य मुलुकको नेपाली कुटनीतिक नियोगबाट प्रमाणित गरिएको मागपत्र र अख्तियारीको सक्कल प्रति"

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) गन्तव्य मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगले उपदफा (१) को खण्ड (च) मा उल्लेखित प्रमाणित कागजात पन्ध्र दिनभित्र विभागमा पठाउनु पर्नेछ। रोजगारदाताबाट कामदारको लागि हवाइ टिकटको प्रवन्ध भए नभएको समेत खुलाई पठाउनु पर्नेछ।"

(ग) उपदफा (३) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) कामदारको सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको दृष्टिले अनुपयुक्त देखिएमा,"

(६) दफा २० को,-

(क) उपदफा (१) मा रहेका "दफा १९ वमोजिम जानकारी दिईसकेपछि" भन्ने शब्दहरू झिकी  सोही उपदफामा रहेका "किटान नभएकोमा" भन्ने शब्दहरु पछि "श्रम स्विकृति लिएको मितिले" भन्ने शब्दहरु थपिएका छन्।

(ख) उपदफा (२) मा रहेका "वार्षिक बीस प्रतिशतले हुने व्याजको रकम समेत जोडी"  भन्ने शब्दहरुको सट्टा "वार्षिक

पच्चीस प्रतिशत रकम थप गरी” भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा २१ पछि देहायका दफा २१क. र २१ख. थपिएका छन्:-

“२१क. **<u>उजुरी दिन सकिने:</u>** (१) यस ऐन बमोजिम उजुरी गर्न सकिने विषयमा हुलाक वा विद्युतीय माध्यमबाट समेत उजुरी गर्न सकिनेछ र त्यसरी प्राप्त भएको उजुरी विभाग वा कार्यालयले दर्ता गरी कारबाही गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम विभाग समक्ष उजुरी गर्न सकिने विषयमा सम्बन्धित जिल्लास्थित प्रमुख जिल्ला अधिकारी समक्ष समेत उजुरी दिन सकिनेछ।

(३) उपदफा (२) बमोजिम प्रमुख जिल्ला अधिकारी समक्ष परेको उजुरी इजाजतपत्र प्राप्त संस्था उपर परेकोमा सात दिनभित्र सो उजुरी विभागमा पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम कुनै व्यक्ति उपर परेको उजुरी सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गरी कामदार वा निजको प्रतिनिधिलाई क्षतिपूर्ति भराई दिनु पर्ने देखिएमा दुबै पक्षविच छलफल गराई क्षतिपूर्ति भराईदिने गरी मेलमिलाप गराउन सक्नेछ र त्यसरी मेलमिलाप गराएको जानकारी विभागलाई दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम मेलमिलाप हुन नसकेको अवस्थामा वा उजुरीको प्रकृतिबाटै मेलमिलाप गराउन मिल्ने नदेखिएमा प्रमुख जिल्ला अधिकारीले सक्कलै उजुरी आवश्यक कारबाहीको लागि विभागमा पठाउनु पर्नेछ।

२१ख. **<u>पुन: श्रम स्वीकृति सम्बन्धी व्यवस्था:</u>** (१) पुन: श्रम स्वीकृति



संघीय संसद सचिवालय

लिन चाहने कामदारले तोकिए बमोजिम आवश्यक कागजात सहित सम्बन्धित निकायमा निवेदन दिनु पर्नेछ।

(२) विदेशमा रहेका कामदारले सम्बन्धित मुलुक हेर्ने नेपाली कुटनीतिक नियोगबाट बढीमा दुई पटक श्रम स्वीकृति लिन सक्नेछ।

(३) पुनः श्रम स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(८) दफा ३८ को उपदफा (१) को खण्ड (क), (ख) र (घ) मा रहेका "श्रम, रोजगार तथा यातायात व्यवस्था" भन्ने शब्दहरुको सट्टा "श्रम, रोजगार तथा सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ६४ को उपदफा (१) मा रहेका "श्रम अदालतको मुद्दा हेर्ने अधिकारी" भन्ने शब्दहरुको सट्टा "श्रम अदालतको अध्यक्षले तोकेको सोही अदालतको एकजना सदस्य" भन्ने शब्दहरु राखिएका छन्।

(१०) दफा ७४ को,-

(क) उपदफा (२) मा रहेका "वा आफ्नो प्रतिनिधि नियुक्त गर्न" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) उपदफा (४) मा रहेका "शाखा खोल्ने" भन्ने शब्दहरुको सट्टा "विदेशी मुलुकमा शाखा खोल्ने" भन्ने शब्दहरु राखिएका छन्।

(११) ठाउँ ठाउँमा रहेका "वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड" भन्ने शब्दहरूको सट्टा "बैदेशिक रोजगार बोर्ड" भन्ने शब्दहरू राखी रुपान्तर गरिएका छन्।

२७. <u>**नेपाल ट्रष्ट ऐन, २०६४ मा संशोधनः**</u> नेपाल ट्रष्ट ऐन, २०६४ को,–

(१) दफा ५ को,–

संघीय संसद सचिवालय

(क) उपदफा (२) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) राष्ट्रिय हित अनुकूल तथा ट्रष्टलाई फाइदा हुने गरी पर्यटकीय र व्यावसायिक कार्य सञ्चालन गर्न।"

(ख) उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थपिएका छन्ः-

"(३क) उपदफा (३) बमोजिम कार्यक्रम सञ्चालन गर्दा समितिले ट्रष्टको सम्पत्ति कुनै व्यक्ति वा संस्थालाई ट्रष्टको सिफारिसमा नेपाल सरकारले तोकेको अवधिको लागि लिजमा दिन सक्नेछ।

(३ख) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि अवधि तोकी लिजमा दिइएको सम्पत्तिको उपभोग गर्ने पक्षले थप पूँजी लगानी सहित विद्यमान संरचनालाई मर्मत सम्भार गरी सञ्चालन गर्न चाहेमा र सोबाट ट्रष्टलाई थप आर्थिक लाभ हुने सुनिश्चित भएमा त्यस्तो अवधि समाप्त हुनु अगावै समेत आवश्यकता अनुसार ट्रष्टको सिफारिसमा नेपाल सरकारले लिजको अवधि थप गर्न सक्नेछ।

तर त्यसरी थप गरिने लिज अवधि शुरु लिज अवधि भन्दा बढी हुने छैन।"

(२) दफा ७ को,–

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

संघीय सूचना मामिला

"(१) ट्रष्टको सम्पत्ति व्यवस्थापन र संरक्षण गरी ट्रष्ट सञ्चालन गर्न देहाय बमोजिमको ट्रष्ट सञ्चालक समिति रहनेछः-

(क) प्रधानमन्त्रीले तोकेको नेपाल सरकारको कुनै मन्त्री -अध्यक्ष

(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सम्बन्धित क्षेत्र हेर्ने सचिव -सदस्य

(ग) कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्याल -सदस्य

(घ) नेपाल सरकारले नियुक्त गरेका वा तोकेका एक जना महिला सहित तीन जना व्यक्ति -सदस्य

(ङ) नेपाल ट्रष्टको कार्यालयको सहसचिव -सदस्य-सचिव"

(ख) उपदफा (२) मा रहेको "नागरिक" भन्ने शब्द पछि "उपदफा (१) को खण्ड (घ) बमोजिम" भन्ने शब्दहरु थपिएका छन्।

(ग) उपदफा (३) को शुरुमा "उपदफा (१) को खण्ड (घ) बमोजिमको" भन्ने शब्दहरु थपिएका छन्।

(घ) उपदफा (४) मा रहेका "उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरू पछि "उपदफा (१) को खण्ड (घ) बमोजिमको" भन्ने शब्दहरु थपिएका छन्।

(३) दफा १४ पछि देहायको दफा १४क. थपिएको छः-

**"१४क. <u>पुरस्कार दिन सक्नेः</u>** दफा ४ बमोजिम ट्रष्टको नाममा कायम हुने सम्पत्तिको विषयमा आवश्यक सबुद प्रमाण सहित

संघीय संसद सचिवालय

जानकारी दिने व्यक्तिलाई समितिले तोकिए बमोजिम पुरस्कार दिन सक्नेछ।"

(४) दफा २४ को उपदफा (२) मा रहेका "व्यवस्थापिका-संसदको राज्यव्यवस्था समिति" भन्ने शब्दहरुको सट्टा "सङ्घीय संसदको सम्बन्धित समिति" भन्ने शब्दहरु राखिएका छन्।

२८. **<u>संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन,२०६६ मा संशोधनः</u>** संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ७ को ठाउँठाउँमा रहेका "व्यवस्थापिका-संसद सचिवालय" भन्ने शब्दहरुको सट्टा "संघीय संसद सचिवालय" भन्ने शब्दहरु राखिएका छन्।

२९. **<u>फोहोर मैला व्यवस्थापन ऐन, २०६८ मा संशोधनः</u>** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को,–

(१) दफा २ को,-

(क) खण्ड (घ) झिकिएको छ।

(ख) खण्ड (न) को सट्टा देहायको खण्ड (न) राखिएको छः-

"(न) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।"

(ग) खण्ड (भ) झिकिएको छ।

(२) दफा २० को उपदफा (२) झिकिएको छ।

(३) दफा २१ को उपदफा (५) झिकिएको छ।

(४) दफा २३ को,-

संघीय संसद सचिवालय

(क) उपदफा (२) को खण्ड (ण) को सट्टा देहाको खण्ड (ण) राखिएको छः-

"(ण) मन्त्रालयले तोकेको सहसचिव -सदस्य सचिव"

(ख) उपदफा (५) झिकिएको छ।

(५) परिच्छेद-८ झिकिएको छ।

(६) दफा ४७ को उपदफा (२) र (३) झिकिएका छन्।

(७) दफा ४८ मा रहेका "वा केन्द्र" भन्ने शब्दहरू झिकिएका छन्।

(८) दफा ४९ को उपदफा (१) मा रहेको "केन्द्रले" भन्ने शब्दको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

(९) दफा ५० को उपदफा (२) झिकिएको छ।

(१०) दफा ५१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही स्थानीय तहले विभिन्न प्रकृतिका फोहोरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न सक्नेछ।"

(११) दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छः-

"**५२क. <u>सम्पत्ति तथा दायित्व नेपाल सरकारमा सर्नेः</u>** फोहोरमैला व्यवस्थापन केन्द्र विघटन भएपछि त्यसको सम्पूर्ण सम्पत्ति तथा दायित्व नेपाल सरकारमा सर्नेछ।"

**३०. <u>भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ मा संशोधनः</u>** भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को,–

(१) दफा ५ को खण्ड (ख), (ङ) र (च) मा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्द हरुको सट्टा "संघीय संसद" भन्ने शब्दहरु राखिएका छन्।

संघीय संसद सचिवालय

(२) दफा ६ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) प्रतिनिधि सभाको प्रमुख विपक्षी दलको नेता वा निजले तोकेको उपनेता -उपाध्यक्ष"

(३) दफा २४ को उपदफा (३) मा रहेको "व्यवस्थापिका-संसद" भन्ने शब्दहरुको सट्टा "संघीय संसद" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २५ को उपदफा (२) मा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरुको सट्टा "संघीय संसद" भन्ने शब्दहरु राखिएका छन्।

३१. **औद्योगिक व्यवसाय ऐन, २०७३ मा संशोधनः** औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ८ को,–

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) कुनै उद्योगले उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त भएको मितिले छ महिनाभित्र त्यस्तो प्रमाणपत्रमा उल्लिखित अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ।

तर अनुमतिपत्र लिनु पर्ने बाहेकका सम्वत् २०७३ साल मंसिर ७ गते अगावै दर्ता भएका तथा यस अघि थपिएको म्याद भित्र समेत सञ्चालन वा उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेका अन्य उद्योगको हकमा यो उपदफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र त्यस्तो निवेदन दिई सक्नु पर्नेछ।"

(२) उपदफा (३) मा रहेका "उपदफा (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) वा (२क) बमोजिम" भन्ने शब्दहरु राखी अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ-

संघीय संसद सचिवालय

तर उपदफा (२क) बमोजिम दिइएको निवेदनको हकमा उद्योग स्थापनाको लागि गर्नु पर्ने निर्माण लगायतका कामको प्रगति हेरी साना उद्योगको हकमा प्रति वर्ष पच्चीस हजार, मझौला उद्योगको हकमा प्रति वर्ष पचहत्तर हजार, ठूला उद्योगको हकमा प्रति वर्ष एकलाख पचास हजारका दरले जरिवाना लिई उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि बढाउन सकिनेछ।"

(३) उपदफा (५) मा रहेका "उपदफा (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) वा (२क) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

३२. **<u>संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७३ मा संशोधनः</u>** संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७३ को अनुसूची-१ को शीर्षकमा रहेका "दफा ३, ४, ६, ७, ८, ९, १७ र १९ सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "दफा ३, ४, ६, ७, ८, १७ र १९ सँग सम्बन्धित" भन्ने शब्दहरु राखिएका छन्।

३३. **<u>निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ मा संशोधनः</u>** निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५ को उपदफा (५) मा रहेका "उपदफा (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (४)" भन्ने शब्दहरु राखिएका छन्।

३४. **<u>न्याय प्रशासन ऐन, २०७३ मा संशोधनः</u>** न्याय प्रशासन ऐन, २०७३ को दफा २८ पछि देहायको दफा २८क. थपिएको छः-

"२८क. **<u>मुद्दा हेर्दाको प्राथमिकता क्रमः</u>** (१) अदालतले मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा देहायको प्राथमिकता क्रम अनुसार गर्नु पर्नेछः-

(क) अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यक्ति पक्ष रहेको मुद्दा,

(ख) पुर्पक्षको लागि थुनामा रहेको व्यक्ति पक्ष रहेको मुद्दा,

(ग) कैदमा रहेको पक्षको मुद्दा,

(घ) अपाङ्गता भएका व्यक्ति तथा बालबालिका पक्ष रहेको मुद्दा,

(ङ) शारीरिक अशक्तता भएका वा पचहत्तर वर्षभन्दा बढी उमेरका व्यक्ति पक्ष रहेका मुद्दा,

(च) महिला बिरुद्धको हिंसा सम्बन्धी मुद्दा,

(छ) जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी मुद्दा,

(ज) न्वारान वा नाता कायम सम्बन्धी मुद्दा,

(झ) माना चामल सम्बन्धी मुद्दा,

(ञ) सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा,

(ट) मुद्दा दर्ताको क्रमबाट पहिले दर्ता भएको मुद्दा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै क्रममा एकै प्रकृतिका एक भन्दा बढी मुद्दा भएमा पहिले दर्ता भएको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।

(३) कुनै मुद्दामा उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा उल्लेख भएका व्यक्तिका अतिरिक्त अन्य व्यक्तिहरु पनि पक्ष रहेछन भने त्यस्तो मुद्दाको कारबाही, सुनुवाई गर्दा त्यस्ता ब्यक्तिहरुको हकमा समेत कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले मुद्दाको गम्भीरता र औचित्य हेरी कुनै मुद्दालाई प्राथमिकता दिई कारबाही, सुनुवाई र किनारा गर्न सक्नेछ।"

संघीय संसद सचिवालय

३५. **<u>राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा संशोधनः</u>** राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को,–

(१) दफा ४३ मा रहेका "दुई वा दुईभन्दा बढी दल बीच" भन्ने शब्दहरु पछि "वा एउटै दलका दुई वा दुईभन्दा बढी पक्षहरु बीच" भन्ने शब्दहरु थपिएका छन्।

(२) दफा ४४ को उपदफा (१) मा रहेका "दलको केन्द्रीय समितिको चालीस प्रतिशत सदस्यले" भन्ने शब्दहरुको सट्टा "पक्षले दलको केन्द्रीय समितिको चालीस प्रतिशत सदस्यको हस्ताक्षर सहित" भन्ने शब्दहरु राखिएका छन्।

३६. **<u>निर्वाचन आयोग ऐन, २०७३ मा संशोधनः</u>** निर्वाचन आयोग ऐन, २०७३ को,-

(१) दफा २० को उपदफा (४) को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

"तर यस दफा बमोजिम अस्थायी दरबन्दी सृजना गर्दा वा करार वा ज्यालादारीमा कर्मचारी नियुक्तिको सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई आयोगले बनाएको कार्यविधि बमोजिम गर्नु पर्नेछ।"

(२) दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः-

"२८. **<u>भैपरी रकमको खर्च स्वीकृत कार्यविधि बमोजिम गर्नेः</u>** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आयोगको लागि बजेटमा छुट्याएको भैपरी आउने शीर्षक अन्तर्गतको रकमको खर्च नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा आयोगले बनाएको कार्यविधिको आधारमा गर्नु पर्नेछ।"

(३) दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छः-

संघीय संसद सचिवालय

"३८. **मालसामान खरिद गर्न सक्ने:** आयोगले निर्वाचन प्रयोजनको लागि आवश्यक वस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

तर निर्वाचनका सम्बन्धमा तत्काल व्यवस्थापन गर्नु पर्ने तोकिए बमोजिमका निर्वाचन सामग्रीहरु खरिद गर्दा वा सेवा प्राप्त गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानूनको प्रक्रिया पूरा गर्न सम्भव नभएको अवस्थामा आयोगले आधार र कारण खुलाई छिटो माध्यमबाट वा सोझै बजारबाट मालसामान खरिद गर्न वा सेवा प्राप्त गर्न सक्नेछ।"

३७. **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा संशोधन:** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १२ मा रहेका "निज निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

३८. **राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ मा संशोधन:** राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को,–

(१) दफा ३ को खण्ड (छ) मा रहेका "आवश्यक निर्देशन दिने" भन्ने शब्दहरुको सट्टा "कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ९ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

"(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्नेछ। त्यस्तो कर्मचारी

नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।"

(३) दफा १२ मा रहेका "निज निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १३ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(५) दफा १९ मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा २२ मा रहेका "यस ऐन वा यस अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "यो ऐन वा यस ऐन अन्तर्गत" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा २३ को उपदफा (२) मा रहेका "अर्थ मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा २४ मा रहेका "सञ्चालन गर्ने" भन्ने शब्दहरुको सट्टा "सञ्चालन गर्न" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा २१ र अनुसूची खारेज गरिएको छ।

३९. **आदिवासी जनजाति आयोग ऐन, २०७४ मा संशोधनः** आदिवासी जनजाति आयोग ऐन, २०७४ को,-

(१) दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "आदिवासी जनजाति" भन्नाले आयोगको सिफारिसमा नेपाल सरकारले तोकेको जाति वा समुदाय सम्झनु पर्छ।"

संघीय संसद सचिवालय

(२) दफा ७ को खण्ड (ठ) मा रहेका "आवश्यक निर्देशन दिने" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा १२ को उपदफा (२) मा रहेका "तथा स्थानीय तह" भन्ने शब्दहरू झिकिएका छन्।

(४) दफा १३ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छ:-

"(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्नेछ। त्यस्तो कर्मचारी नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।"

(५) दफा १६ मा रहेका "निज निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा १७ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(७) दफा २३ मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा २६ मा रहेका "यस ऐन वा यस अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "यो ऐन वा यस ऐन अन्तर्गत" भन्ने शब्दहरू राखिएका छन्।

(९) दफा २७ को,–

(क) उपदफा (१) मा रहेका "आयोगको लागि" भन्ने शब्दहरुको सट्टा "आयोगले" भन्ने शब्द राखिएको छ।



संघीय संसद सचिवालय

(ख) उपदफा (२) मा रहेका "अर्थ मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

(१०) दफा २५ र अनुसूची खारेज गरिएको छ।

४०. **मधेशी आयोग ऐन, २०७४ मा संशोधनः** मधेशी आयोग ऐन, २०७४ को,–

(१) दफा ७ को खण्ड (ट) मा रहेका "आवश्यक निर्देशन दिने" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १३ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

"(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्नेछ। त्यस्तो कर्मचारी नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।"

(३) दफा १६ मा रहेका "निज निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १७ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(५) दफा २३ मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा २६ मा रहेका "यस ऐन वा यस अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "यो ऐन वा यस ऐन अन्तर्गत" भन्ने शब्दहरू राखिएका छन्।

संघीय संसद सचिवालय

(७) दफा २७ को उपदफा (२) मा रहेको "अर्थ मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा २५ र अनुसूची खारेज गरिएको छ।

४१. **राष्ट्रिय दलित आयोग ऐन, २०७४ मा संशोधनः** राष्ट्रिय दलित आयोग ऐन, २०७४ को,–

(१) दफा २ को खण्ड (ग) झिकिएको छ।

(२) दफा ३ को,–

(क) खण्ड (ङ) मा रहेका "समुदायको सशक्तीकरण लागि" भन्ने शब्दहरुको सट्टा "समुदायको सशक्तीकरणको लागि" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (च) मा रहेका "आवश्यक निर्देशन दिने" भन्ने शब्दहरुको सट्टा "कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १० को उपदफा (१) मा रहेका "हक हित" भन्ने शब्दहरूको सट्टा "हक हितमा" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा १२ को ठाउँ ठाउँमा रहेका "महान्यायाधिवक्ता" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित निकाय" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा १७ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

"(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्नेछ। त्यस्तो कर्मचारी नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।"



संघीय संसद सचिवालय

(६) दफा २० मा रहेका “निज निलम्बनमा परेमा” भन्ने शब्दहरुको सट्टा “निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा” भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा २१ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(८) दफा २७ मा रहेका “सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय” भन्ने शब्दहरूको सट्टा “संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय” भन्ने शब्दहरू राखिएका छन्।

(९) दफा २९ को उपदफा (२) मा रहेका “अर्थ मन्त्रालयको” भन्ने शब्दहरुको सट्टा “नेपाल सरकार, अर्थ मन्त्रालयको” भन्ने शब्दहरू राखिएका छन्।

(१०) दफा ३२ मा रहेका “यस ऐन वा यस अन्तर्गत” भन्ने शब्दहरुको सट्टा “यो ऐन वा यस ऐन अन्तर्गत” भन्ने शब्दहरू राखिएका छन्।

(११) दफा ३१ र अनुसूची खारेज गरिएको छ।

४२. <u>**थारु आयोग ऐन, २०७४ मा संशोधन:**</u> थारु आयोग ऐन, २०७४ को,–

(१) दफा ७ को खण्ड (ठ) मा रहेका “आवश्यक निर्देशन दिने” भन्ने शब्दहरूको सट्टा “नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने” भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १३ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

“(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्नेछ। त्यस्तो कर्मचारी नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।”



संघीय संसद सचिवालय

(३) दफा १६ मा रहेका “निज निलम्बनमा परेमा” भन्ने शब्दहरुको सट्टा “निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा” भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १७ मा रहेका “तर त्यसरी रिक्त भएको सदस्य नियुक्तिका लागि पद रिक्त भएको मितिले पैंतीस दिनभित्र पदपूर्ति प्रक्रिया सुरु गरिसक्नु पर्नेछ” भन्ने शब्दहरु झिकिएका छन्।

(५) दफा २३ मा रहेका “सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय” भन्ने शब्दहरूको सट्टा “संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय” भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा २६ मा रहेका “यस ऐन वा यस अन्तर्गत” भन्ने शब्दहरुको सट्टा “यो ऐन वा यस ऐन अन्तर्गत” भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा २७ को उपदफा (२) मा रहेका “अर्थ मन्त्रालयको” भन्ने शब्दहरुको सट्टा “नेपाल सरकार, अर्थ मन्त्रालयको” भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा २५ र अनुसूची खारेज गरिएको छ।

४३. <u>**राष्ट्रिय महिला आयोग ऐन, २०७४ मा संशोधनः**</u> राष्ट्रिय महिला आयोग ऐन, २०७४ को,–

(१) दफा १७ को उपदफा (१०) मा रहेका “विशिष्ट श्रेणीको कर्मचारी” भन्ने शब्दहरुको सट्टा “राजपत्रांकित प्रथम श्रेणीको अधिकृत” भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २० मा रहेका “निलम्बनमा परेमा” भन्ने शब्दहरुको सट्टा “संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा” भन्ने शब्दहरु राखिएका छन्।

संघीय मामिला मन्त्रालय

४४ **मुस्लिम आयोग ऐन, २०७४ मा संशोधनः** मुस्लिम आयोग ऐन, २०७४ को,–

(१) दफा ७ को खण्ड (ट) मा रहेका "आवश्यक निर्देशन दिने" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १३ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः—

"(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्नेछ। त्यस्तो कर्मचारी नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।"

(३) दफा १६ मा रहेका "निज निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १७ को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ।

(५) दफा २३ मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा २७ को उपदफा (२) मा रहेका "अर्थ मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा २५ र अनुसूची खारेज गरिएको छ।

४५. **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संशोधनः** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ को उपदफा (१) को खण्ड (ग) मा



संघीय संसद सचिवालय

रहेका "गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुखमध्येबाट" भन्ने शब्दहरुको सट्टा "गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्ष र नगरपालिकाका प्रमुख वा उपप्रमुखमध्येबाट" भन्ने शब्दहरु राखिएका छन्।

४६. **राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ मा संशोधनः** राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को अनुसूची-४ को शीर्षकमा रहेका "शपथ ग्रहण" भन्ने शब्दहरुको सट्टा "शपथ ग्रहणको ढाँचा" भन्ने शब्दहरु राखिएका छन्।

४७. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा संशोधनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को,–

(१) दफा २ को खण्ड (प) को उपखण्ड (२) मा रहेका "नगर कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष" भन्ने शब्दहरूको सट्टा "नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १० को खण्ड (ग) मा रहेका "वडाको केन्द्र तथा" भन्ने शब्दहरु झिकिएका छन्।

(३) दफा ११ को,-

(क) उपदफा (२) को,-

(१) खण्ड (घ) को,–

(अ) उपखण्ड (६) मा रहेका "एवं खानीजन्य" भन्ने शब्दहरू झिकिएका छन्।

(आ) उपखण्ड (७) को शुरुमा "प्रचलित कानून बमोजिम गर्ने" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (प) को उपखण्ड (७) मा रहेका "नुन, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तु"

संघीय संसद सचिवालय

भन्ने शब्दहरुको सट्टा "माटो तथा स्लेट जस्ता वस्तु" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (४) को,–

(१) खण्ड (ख) को उपखण्ड (२) मा रहेका "स्वास्थ्य संस्थाहरुको क्लिनिक" भन्ने शब्दहरुको सट्टा "स्वास्थ्य संस्था र क्लिनिक" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ङ) को उपखण्ड (२१) मा रहेका "अनुगमन र अनुगमन" भन्ने शब्दहरूको सट्टा "अनुगमन र नियमन" भन्ने शब्दहरु राखिएका छन्।

(३) खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छः-

"(ठ) संघ, संस्था दर्ता तथा नवीकरण

(१) संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण।"

(ग) उपदफा (५) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) लघु, घरेलु तथा साना उद्योग

(१) लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन,

संघीय संसद सचिवालय

(२) उद्यमशिलताको विकास र प्रवर्द्धन।"

(घ) उपदफा (७) मा रहेका "उपदफा (१), (३), (४) र (५) बमोजिमको" भन्ने शब्दहरूको सट्टा "यस दफा बमोजिमका" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा १२ को उपदफा (२) को खण्ड (ङ) को उपखण्ड (३४) पछि देहायको उपखण्ड (३४क) थपिएको छ:-

"(३४क) जातीय पहिचान र जातीय सिफारिसको कार्य गर्ने,"

(५) दफा ३५ को दफा शीर्षकको सट्टा देहायको दफा शीर्षकको राखिएको छ:-

"नक्सामा हेरफेर गरी स्वीकृत गर्न सक्ने"

(६) दफा ४७ को,-

(क) उपदफा (२) को खण्ड (ग) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:-

"तर पति पत्नीबीचको सम्बन्ध बिच्छेद हुने गरी मेलमिलाप गर्न सकिने छैन।"

(ख) उपदफा (४) मा रहेको "भएको" भन्ने शब्द झिकिएको छ।

(७) दफा ४९ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ:-

"(४) न्यायिक समितिले विवादका दुवै पक्ष उपस्थित भएको तीन महिनाभित्र मेलमिलापबाट विवादको समाधान गर्नु पर्नेछ। सो अवधिभित्र मेलमिलाप हुन नसकेमा दफा ४७ को उपदफा (२) बमोजिमको विवादका हकमा त्यस्तो व्यहोरा जनाई विवाद समाधानको लागि अदालत जानको लागि सम्बन्धित पक्षलाई जानकारी दिई तत्

सम्बन्धी मिसिल तथा कागजात सम्बन्धित अदालतमा पठाइदिनु पर्नेछ।”

(८) दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छः-

“**५५. <u>सम्पत्ति करः</u>** (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउनेछ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागी “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घरजग्गाको मूल्याङ्कन देहायको आधारमा गर्नु पर्नेछः-

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तिको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था।

(४) उपदफा (१) बमोजिम घर र घरजग्गाको सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताको आधारमा गर्नु पर्नेछ।

संघीय मामिला

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैनः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा।"

(९) दफा ६२ पछि देहायका दफा ६२क. र ६२ख. थपिएका छन्:-

"६२क. **<u>बिक्री गर्न सक्ने</u>**: (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्नेछ।

संघीय संसद सचिवालय

(२) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम बिक्री बापत प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

**६२ख.** **<u>सामुदायिक वनबाट आय प्राप्त गर्ने:</u>** (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।"

(१०) दफा ६६ को,–

(क) उपदफा (६) मा रहेका "फागुन महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "वैशाख दश गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (७) मा रहेका "चैत्र पन्ध्र गतेभित्र" भन्ने शब्दहरुको सट्टा "वैशाख पन्ध्र गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(११) दफा ८४ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

संघीय संसद सचिवालय

"(५) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।"

(१२) दफा ८५ को,–

(क) उपदफा (२) मा रहेका "सेवा तथा स्थानीय तहमा कार्यरत" भन्ने शब्दहरुको सट्टा "सेवामा कार्यरत" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा रहेका "स्थानीय तहमा कार्यरत स्थानीय तहका स्थायी कर्मचारीहरु" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरु" भन्ने शब्दहरु राखिएका छन्।

(१३) दफा ९४ को उपदफा (५) मा रहेका "औषधि उपचार सम्बन्धित विदा" भन्ने शब्दहरूको सट्टा "औषधि उपचार, विदा" भन्ने शब्दहरू राखिएका छन्।

(१४) दफा १०५ को उपदफा (२) को खण्ड (ग) मा रहेका "मुख्य सचिव" भन्ने शब्दहरूको सट्टा "प्रमुख सचिव" भन्ने शब्दहरू राखिएका छन्।

(१५) दफा ११६ पछि देहायको दफा ११६क. थपिएको छः-

**"११६क.** **<u>सदस्य कायम रहनेः</u>** (१) सभाको कुनै सदस्य कार्यपालिकामा निर्वाचित भएमा निजको सम्बन्धित वडा समितिको सदस्य पद कायमै रहनेछ।

(२) उपदफा (१) बमोजिमको सदस्यले कुनै एक पदको मात्र सुविधा लिनु पर्नेछ।"

(१६) अनुसूची-१ को,-

संघीय संसद सचिवालय

(क) अनुसूची शीर्षकमा रहेका "हिमाली, पहाडी तथा भित्री मधेश र तराईका जिल्लाहरूको विवरण" भन्ने शब्दहरूको सट्टा "हिमाली, पहाडी, भित्री मधेश, तराई काठमाडौं उपत्यकाका जिल्लाहरूको विवरण" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ख) अन्तर्गत पहाडी जिल्लाहरुको सूचीको क्रमसङ्ख्या १५ झिकी खण्ड (क) अन्तर्गत हिमाली जिल्लाहरुको सूचीको क्रमसङ्ख्या २० पछि देहायको क्रमसङ्ख्या २१. थपिएको छ:-

"२१. म्याग्दी,"

४८. **<u>श्रम ऐन, २०७४ मा संशोधन:</u>** श्रम ऐन २०७४ को, -

(१) दफा २ को,-

(क) खण्ड (घ) मा रहेका " श्रम कार्यालय" भन्ने शब्दहरुको सट्टा "श्रम तथा रोजगार कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ट) मा रहेको "श्रम तथा रोजगार" भन्ने शब्दहरुको सट्टा "श्रम, रोजगार तथा सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (थ) मा रहेका "श्रम विभाग" भन्ने शब्दहरुको सट्टा "श्रम तथा व्यवसाय जन्य सुरक्षा विभाग" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २२ को उपदफा (३) पछि देहाय बमोजिमको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ।

"तर नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, लगानी बोर्ड र नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संघ, संस्था वा

संघीय संसद सचिवालय

अन्य आधिकारिक निकायहरुले नेपाल सरकार वा सम्बन्धित मन्त्रालयको स्वीकृति लिई गरेको लगानी सम्झौतामा उल्लेख भएको विषयमा यस ऐन बमोजिम प्राविधिक वा विज्ञको रुपमा काम गर्न आउने विदेशी नागरिकको हकमा विज्ञापन प्रकाशन गर्नुपर्ने छैन।"

(३) दफा ५३ को उपदफा (७) झिकिएको छ।

(४) दफा १०५ पछि देहायको दफा १०५क. थपिएको छः-

"१०५क. **<u>प्रदेश सरकारले प्रदेश श्रम सल्लाहकार परिषद गठन गर्न सक्नेः</u>** (१) यो ऐनको कार्यान्वयनको लागि सहजीकरण गर्न तथा प्रदेश तहमा श्रम क्षेत्रमा गर्नु पर्ने सुधारको कामलाई व्यवस्थित गर्नको लागि प्रदेश सरकारले प्रदेश श्रम सल्लाहकार परिषदको गठन गर्न सक्नेछ।

(२) प्रदेश श्रम सल्लाहकार परिषदको गठन, संचालन तथा अन्य व्यवस्था प्रदेश सरकारले तोके वमोजिम हुनेछ।"

(५) दफा १०६ को उपदफा (४) मा रहेका "उपदफा (३) बमोजिम" भन्ने शब्दहरुको सट्टा "यस दफा बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा १६६ को उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थपिएका छन्:-

"(६) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम विभाग, कार्यालय वा यस ऐन बमोजिम निर्णय गर्न अधिकार प्राप्त अधिकारीले गरेको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु पर्नेछ।

संघीय संसद सचिवालय

(७) उपदफा (६) बमोजिम विभाग, कार्यालय वा अधिकारीको निर्णय कार्यान्वयन नगर्ने पक्षलाई विभाग वा कार्यालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कारबाही गर्न सक्नेछ।"

(७) दफा १७७ को दफा शीर्षक पछि शुरुमा अंक "(१)" थपिएको छ।

(८) दफा १८३ को उपदफा (१) को खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्:-

"(ख) औद्योगिक प्रशिक्षार्थी तालीम ऐन, २०३९,

(ग) निवृत्ति कोष ऐन, २०४२"

४९. **<u>सहकारी ऐन, २०७४ मा संशोधन:</u>** सहकारी ऐन, २०७४ को,-

(१) दफा २ को खण्ड (द) मा रहेका "दर्ता भएको" भन्ने शब्दहरुको सट्टा "गठन भएको" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १९ को खण्ड (ङ) मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरूको सट्टा "तोके बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ५० को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ:-

"(६) सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा सहकारी बैङ्क वा साना किसान लघुवित्त संस्थाको शेयर खरीद गर्न बाहेक अचल सम्पत्ति खरीद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म, कम्पनी वा अन्य कुनै बैङ्कको शेयर खरीद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुँदैन।"

(४) दफा ८९ को उपदफा (२) मा रहेका "उपदफामा (१) मा" भन्ने शब्दहरूको सट्टा "उपदफा (१) मा" भन्ने शब्दहरू राखिएका छन्।

संघीय संसद सचिवालय

(५) दफा १२७ को दफा शीर्षक पछि रहेको अंक "(१)" झिकिएको छ।

(६) दफा १५० पछि देहायको दफा १५०क. थपिएको छः-

"**१५०क.** **<u>सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशन पालना गर्नु पर्नेः</u>** (१) सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कबादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा प्रचलित कानून बमोजिमका निकायबाट जारी भएको निर्देशनको पालना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था प्रदेश वा स्थानीय सहकारी कानून अन्तर्गत दर्ता वा सञ्चालन भएको सहकारी संस्थाको हकमा समेत समान रूपमा लागू हुनेछ।

(३) प्रदेश सरकार वा स्थानीय तहले उपदफा (२) बमोजिम दर्ता वा सञ्चालन भएको सहकारी संस्थालाई उपदफा (१) बमोजिमको निर्देशन लागू गर्नु, गराउनु पर्नेछ।"

**५०.** **<u>योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ मा संशोधनः</u>** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को,-

(१) दफा २ को खण्ड (ङ) मा रहेका "श्रम तथा रोजगार" भन्ने शब्दहरुको सट्टा "श्रम, रोजगार तथा सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २६ को उपदफा (३) झिकिएको छ।

**५१.** **<u>प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ मा संशोधनः</u>** प्रधान न्यायाधीश तथा

सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ को दफा २३ को उपदफा (५) मा रहेका “घर बिदा बिदामा घर जाँदा” भन्ने शब्दहरूको सट्टा “घर बिदामा घर जाँदा” भन्ने शब्दहरू राखिएका छन्।

५२. <u>**राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ मा संशोधनः**</u> राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को दफा ३५ को उपदफा (४) मा रहेका “दफा ३३” भन्ने शब्द र अङ्कको सट्टा “दफा ३२” भन्ने शब्द र अङ्क राखिएका छन्।

५३. <u>**प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ मा संशोधनः**</u> प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा ११ को दफा शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः-

<u>**“दैनिक भत्ता पाउने”**</u>

५४. <u>**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा संशोधनः**</u> विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को,–

(१) दफा ३ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

“(ख) नेपाल सरकारका मन्त्रीहरु -सदस्य”

(२) दफा ६ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

“(ग) नेपाल सरकारका मन्त्रालयका सचिवहरु-सदस्य”

(३) दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

“१२. <u>**कार्यकारी प्रमुखः**</u> (१) नेपाल सरकारले प्राधिकरणको प्रशासकीय प्रमुखको रुपमा काम गर्न नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको व्यक्तिलाई उपदफा (२)



संघीय संसद् सचिवालय

बमोजिमको समितिको सिफारिसमा कार्यकारी प्रमुखको रूपमा नियुक्त गर्नेछ।

(२) नेपाल सरकारले कार्यकारी प्रमुखको नियुक्तिको लागि उपयुक्त व्यक्तिको नाम सिफारिस गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा अन्य दुईजना विज्ञ सदस्य रहेको समिति गठन गर्नेछ। कार्यकारी प्रमुखको नियुक्तिको लागि सिफारिस गर्दा अवलम्बन गर्ने प्रक्रिया तथा बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) कार्यकारी प्रमुखको पदावधि पाँच वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी प्रमुखको कार्यसम्पादन सन्तोषजनक नभएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी प्रमुखको पदबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कार्यकारी प्रमुखको पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) कार्यकारी प्रमुखले कार्यकारी समितिको प्रत्यक्ष नियन्त्रणमा रही कार्य गर्नेछ र आफ्नो कार्यसम्पादनका लागि परिषद् र नेपाल सरकार प्रति जवाफदेही हुनेछ।

(७) कार्यकारी प्रमुखले विपद्को समयमा विपद् प्रतिकार्य नियन्त्रकको रूपमा कार्य गर्नेछ।

(८) कार्यकारी प्रमुखको पारिश्रमिक, सुविधा, सेवाको शर्त तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

संघीय संसद सचिवालय

(४) परिच्छेद-६ को शीर्षकमा रहेका "प्रदेश विपद व्यवस्थापन समिति" भन्ने शब्दहरुको सट्टा "प्रदेश विपद् व्यवस्थापन परिषद् र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति" भन्ने शब्दहरु राखिएका छन्।

(५) मूल ऐनको परिच्छेद-६ को शीर्षक पछि देहायको दफा १३क. थपिएको छः-

"**१३क. <u>प्रदेश विपद् व्यवस्थापन परिषदः</u>** (१) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना तयार गर्ने, आवश्यकता अनुसार प्रदेश विपद् व्यवस्थापन समितिलाई नीतिगत मार्गदर्शन गर्ने तथा निर्देशन दिने समेतको प्रयोजनको लागि प्रत्येक प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषदमा रहने सदस्य, सो परिषदको बैठक तथा निर्णय र तत् सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले बनाएको नियममा तोकिए बमोजिम हुनेछ।"

(६) दफा १४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रत्येक प्रदेशमा विपद व्यवस्थापन गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति गठन गर्न सक्नेछ।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिमा अध्यक्षको अतिरिक्त बढिमा पन्ध्र जना सदस्य रहनेछन्।"

(ग) उपदफा (२) को खण्ड (ध) मा रहेका "तोकिए बमोजिमका" भन्ने शब्दहरूको सट्टा "प्रदेश सरकारले बनाएको नियममा तोकिए बमोजिमका" भन्ने शब्दहरू राखिएका छन्।

(घ) उपदफा (४) मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरूको सट्टा प्रदेश सरकारले बनाएको नियममा तोकिए बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।"

(८) दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः-

"२३. <u>**अन्य कोष सम्बन्धी व्यवस्थाः**</u> (१) विपद् व्यवस्थापनको लागि प्रत्येक प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहनेछ।

(२) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले विपद् व्यवस्थापन सम्बन्धी काम गर्दा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत गराउन सक्नेछ र सो प्रयोजनको लागि उपदफा (१) बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोषबाट आवश्यक रकम जिल्ला विपद् व्यवस्थापन कोषलाई उपलब्ध गराउनु पर्नेछ।



संघीय संसद सचिवालय

(३) उपदफा (१) बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष तथा स्थानीय विपद् व्यवस्थापन कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश तथा स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुनेछ।"

(९) दफा ४७ पछि देहायको दफा ४७क. थपिएको छः-

"४७क. __प्रदेश सरकारले नियम बनाउन सक्नेः__ (१) प्रदेश सरकारले यस ऐन बमोजिम विपद् व्यवस्थापनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी प्रदेश सरकारले देहायका विषयमा नियम बनाउन सक्नेछः-

(क) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी,

(ख) प्रदेश विपद् व्यवस्थापन कोषमा रहने रकम, त्यसको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी,

(ग) यस ऐन बमोजिम नियमावलीबाट व्यवस्था गर्न सकिने अन्य कुनै विषयमा।

(३) यस ऐन बमोजिम प्रदेश सरकारले बनाएको नियमहरु प्रदेश राजपत्रमा प्रकाशन भए पछि मात्र लागू हुनेछन्।"

संघीय संसद् सचिवालय

(१०) दफा ४८ मा रहेका “कार्यकारी समितिले” भन्ने शब्दहरूको सट्टा “कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिले” भन्ने शब्दहरू राखिएका छन्।

(११) मूल ऐनको ठाउँ ठाउँमा रहेका "प्रदेश विपद व्यवस्थापन समिति" भन्ने शब्दहरुको सट्टा "प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

**५५.** <u>**राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ मा संशोधनः**</u> राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को-

(१) दफा ३ को,–

(क) दफा शीर्षक पछि “(१)” भन्ने अंक थपिएको छ।

(ख) खण्ड (घ) पछि देहायको उपदफा (२) थपिएको छः-

“(२) उपदफा (१) को उपखण्ड (क) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो खण्ड बमोजिम निर्वाचित कुनै सदस्यको पद जुनसुकै कारणले रिक्त भई उपनिर्वाचन हुँदा वा संविधानको धारा ८६ को उपधारा (३) बमोजिम कायम भएको पदावधि समाप्त भई कुनै समूहको एक जना सदस्यको लागि मात्र निर्वाचन गर्नु पर्ने अवस्थामा जुन समूह र तरीकाबाट निर्वाचित भएको हो सोही र समूह र तरीकाबाट मतदाताले दिने एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने एक जना निर्वाचित हुनेछ।”

(२) दफा ५ को,–



संघीय संसद सचिवालय

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम निर्वाचनको मिति तोक्दा संविधानको धारा ८६ को उपधारा (३) बमोजिम कायम भएको पदावधि समाप्त भई रिक्त हुन आउने सदस्य पदको निर्वाचनको मिति सो पद रिक्त हुनु भन्दा पैंतीस दिन पहिले निर्वाचन हुने गरी मिति तोक्नु पर्नेछ। सो बाहेक अन्य कुनै कारणले पद रिक्त भई उपनिर्वाचन गर्नुपर्ने अवस्थामा पद रिक्त भएको मितिले पैंतीस दिन भित्र निर्वाचन सम्पन्न गर्ने गरी मिति तोक्नु पर्नेछ।"

(ख) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शव्दहरुको सट्टा "यस दफा" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ११ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) कुनै गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको,"

(४) दफा ६१ को सट्टा देहायको दफा ६१ राखिएको छः-

"६१. <u>उपनिर्वाचनः</u> कुनै सदस्यको पदावधि छ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले निजको पद रिक्त भएमा रिक्त भएको पैंतीस दिनभित्र नेपाल सरकारले तोकेको मितिमा आयोगले त्यस्तो रिक्त सदस्यको पद यो ऐन बमोजिम बाँकी अवधिको लागि उपनिर्वाचनद्वारा दफा ३ बमोजिम पूर्ति गर्नेछ।"



संघीय संसद सचिवालय

(५) अनुसूची-१ को क्रमसंख्या २ मा रहेका

$$\frac{\text{“कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसार)}}{\text{जम्मा गाउँपालिका र नगरपालिकाको सङ्ख्या x २”}}$$

भन्ने शब्दहरुको सट्टा

$$\frac{\text{“कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसार)}}{\text{जम्मा गाउँपालिका र नगरपालिकाको सङ्ख्या x २”}} \div \text{१०००}$$

भन्ने शब्दहरु राखिएका छन्।

५६. **<u>खारेजी:</u>** कर फछ्र्यौट आयोग ऐन, २०३३ खारेज गरिएको छ।

**फागुन ३, २०७५ मा बसेको प्रतिनिधि सभाको बैठकले संशोधन सहित पारित गरेको, फागुन १५, २०७५ मा बसेको राष्ट्रिय सभाको बैठकले यो विधेयकलाई संशोधन सहित फिर्ता गरेको र फागुन १८, २०७५ मा बसेको प्रतिनिधि सभाको वैठकले पुनः पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु।**

.............................

**कृष्ण बहादुर महरा**
**सभामुख**
**प्रतिनिधि सभा**

**प्रतिनिधि सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।**

**(विद्यादेवी भण्डारी)**
**राष्ट्रपति**

**मितिः २०७५/११/१९**



संघीय संसद सचिवालय